नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(प्रशासन शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०७७-७८
च.नं. : प्र./३११/६२६

मिति : २०७७।०४।२८

बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल ।
श्री लोक सेवा आयोग, अनामनगर ।
श्री महान्यायाधिवक्ताको कार्यालय, सिंहदरबार ।
श्री राष्ट्रिय योजना आयोग, सिंहदरबार ।
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण, सिंहदरबार ।
श्री सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल ।
श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार ।
श्री नेपाल ट्रष्टको कार्यालय, कमलादी ।
श्री लगानी बोर्डको कार्यालय, नयाँबानेश्वर ।
श्री राष्ट्रिय अनुसन्धान विभाग, बरफबाग, सिंहदरबार ।
श्री राजश्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर ।
श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक, ललितपुर ।

विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७७।०४।२६ मा देहाय बमोजिम भएको निर्णय कार्यान्वयनको लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

१. कोभिड-१९ सङ्क्रमणको सक्रिय सङ्क्रमित दुई सयभन्दा बढी भएका जिल्ला र काठमाडौं उपत्यकाका सरकारी तथा गैरसरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तीय संघ-संस्थालगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघ-संस्थाहरूले विद्युतीय माध्यमबाटसमेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने । मिति २०७७ साउन २९ गतेदेखि यी निकायहरूको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कार्मचारीहरूलाई सुरक्षित रूपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरू गर्ने (Work from Home) व्यवस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने । अनलाइन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने, सेवा प्रवाह र जनशक्ति व्यवस्थापनको जिम्मेवारी जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा सम्बन्धित कार्यालय प्रमुखको हुने।

२. मानिसहरूको जमघट, भेटघाट एवं नजिकिने कार्यबाट कोभिड-१९ को सङ्क्रमण बढ्दै गइरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेलाजस्ता सामूहिक जमघट हुने कार्यहरू नगर्ने/नगराउने ।

०७७।४।२८
(सूर्य पोखेल)
शाखा अधिकृत

बोधार्थः
श्री सूचना प्रविधि शाखा, प्र.म.तथा म.प.को कार्यालय - वेबसाइटमा राख्ने व्यवस्थाको लागि ।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल